Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# नेपालका प्रथम कानुनविद स्मृतिकार चण्डेश्वर ठक्कुर

**हिरालाल कर्ण**
उपप्राध्यापक, सू.स.मो.या.ब.क्याम्पस सिरहा
hiralalkarn2@gmail.com
*Doi : https://doi.org/10.3126/hisan.v11i1.92800*

## सारसङ्क्षेप

*नेपालको न्याय र कानुनी व्यवस्थाको क्षेत्रमा राजा जयस्थितिमल्ल र रामशाहले न्यायिक सुधार ल्याउनु भन्दा पहिले चण्डेश्वर ठक्कुरले चौधौं शताब्दीको पुर्वार्द्धमा भक्तपुर राजदरबारमा बसेर विवादरत्नाकर नाउँको कानुनसंहिताको पुस्तक १३१४ ई.को दिसम्बरमा तयार गरेका थिए । हिन्दु धर्मशास्त्र र स्मृतिग्रन्थहरूमाथि आधारित उनको यो देवानी र फौजदारी कानुनका साथै निर्णय प्रक्रिया सम्बन्धी व्यवस्था समेटिएको पुस्तक नेपालको कानुनी इतिहासको पहिलो पुस्तक रहेको छ । जसलाई भारतको ब्रिटिशकालीन न्यायिक व्यवस्थामा हिन्दु सम्पति उत्तराधिकार सम्बन्धि टेरीटोरियल एक्टमा असल कानुनको रूपमा सिफारिश गरिएको थियो । यस्तो प्रख्यात कानुनविद ओझेलमा पर्न गएकोले उनको सम्बन्धमा खोज अनुसन्धान गरी कानुनविदको रूपमा उनले दिएका योगदानहरूलाई प्रकाशमा ल्याउनु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । यसका लागि पुस्तकालयीय अनुसन्धान विधिबाट तथ्याङ्क सङ्कलन गरी वर्णनात्मक र विश्लेषणात्मक विधिबाट निष्कर्ष निकालिएको छ । नेपालको सिमरौनगढको मन्त्रीपरिवारमा जन्मेहुर्केका हिन्दुधर्मशास्त्रको उच्चशिक्षा पाएका चण्डेश्वरले तत्कालीन नेपाल र तिरहुतको राजनीतिमा आफ्नो विशिष्ट पहिचान कायम गर्दै नेपालको संस्कृत साहित्यको कानुन विधासम्बन्धि भण्डार भरेर आफ्नो विद्वताको परिचय दिएका छन् । उनले आफ्ना सप्तरत्नाकर र कृत्यचिन्तामणि जस्ता पुस्तकको माध्यमबाट नेपालको कानुन व्यवस्थालाई हिन्दु परम्परा अनुसार व्यवस्थित गर्न मार्गदर्शन गरेका छन् । त्यसैले हामीले उनलाई नेपालको प्रथम कानुनविदको रूपमा स्वीकार गरेका छौं ।*

***शब्दकुञ्जी :*** *कानुनविद, स्मृतिकार, विवादरत्नाकर, देवानीकानुन र फौजदारीकानुन*

## परिचय

नेपालको कानुनी इतिहासको अध्ययन गर्दा सर्वप्रथम गोरखाका राजा रामशाहको नाउँ अगाडि आउँछ । जसको सम्बन्धमा “न्याय नपाउनु गोरखा जानु” भन्ने उखान प्रसिद्ध छ । जसबाट उनको न्यायिक व्यवस्थाको जानकारी पाइन्छ । तर गोरखामा रामशाह (सन् १६०६-१६३३) ले न्यायिक व्यवस्था बसाउनुभन्दा लगभग तीनसय वर्ष पहिले नेपाल उपत्यकामा राजा जयस्थितिमल्ल (सन् १३५४-१३९५) ले स्थिति बाँधेर न्यायिक व्यवस्था बसालेका थिए (लम्साल, सन् १९६६) । राजल्लदेवीको पतिको रूपमा दक्षिणको तराई भूभाग अर्थात पुर्व तिरहुत राज्यबाट उनको डोला झिकाई उनलाई नेपाल ल्याइएको थियो (नेपाल, सन् १९९७) । महारानी देवलदेवीको सहयोगमा उपराजाको गद्दीमा बसेपछि आफ्नो राजनैतिक शक्ति बढाउँदै गएर ने.स.४८६ (सन् १३६६) मा ६६ वर्षको उमेरमा देवलदेवीको स्वर्गारोहण भएपछि गद्दीनसीन राजा तथा सालो (राजल्लदेवीको फुपु रुद्रमल्लदेवीको छोरो) जयार्जुनदेवलाई बनेपा तर्फ धपाएपछि नेपालको महाराजाधिराज भएका थिए । यसरी आफ्नो राजनैतिक शक्ति सुदृढ गरिसकेपछि पुर्व तिरहुत राज्यका तीनजना मैथिल

ब्राह्मणहरू, एकजना कान्यकुब्ज र एकजना बकन्ह्मि कुलका गरी पाँचजना ब्राह्मणहरूको सल्लाह अनुसार स्थिति बाँधेको कुरा भाषावंशावलीमा पाइन्छ । "यिन राजाले स्थिति बाँधेको विस्तार कहिन्छ । यिन राजा जयस्थितिमल्लले बकन्ह्मि कुलका कीर्तिनाथ उपाध्याय, कान्यकुब्ज रघुनाथ झा, मैथिल श्रीनाथ भट्ट, महिनाथ भट्ट र रामनाथ झा यति पाँच शास्त्रज्ञ बुद्धिमान ब्राह्मणका बुद्धि मत सुनी लोप भै गयाको मत प्रख्यात गरी स्थिति बाँधि दिया" (लम्साल, सन् १९६६) । तिरहुतमा कर्णाटवंशको पतनपछि आफ्नो माइत भक्तपुर दरबारमा सत्तामा बसेकी महारानी देवलदेवीले आफ्नो विश्वासपात्र जयस्थितिमल्ललाई गद्दीमा राखेपछि उनले आफ्नो सत्ता बलियो बनाएका थिए । तिरहुतबाट नेपाल प्रवेश गरेका जयस्थितिमल्लले तिरहुतमा सामाजिक सुधारका लागि राजा हरिसिंहदेवले बसालेको पञ्जी व्यवस्था अनुसार सामाजिक स्थिति बाँधेका थिए । सिमरौनगढका कर्णाटवंशका राजा हरिसिंहदेवको समयमा हिन्दु धर्मशास्त्रको आधारमा सामाजिक न्यायको व्यवस्था बसाल्नका लागि शुरु गरिएको पञ्जीप्रबन्ध (जिनोम म्यापिंग) हालसम्म पनि मैथिल ब्राम्हण र कायस्थहरूमा प्रचलनमा रहेको छ (ठाकुर, झा र झा, सन् २००९) ।

वि.सं.२००७ (सन् १९५१) मा देशमा प्रजातन्त्रको आगमनपछि नेपालको कानुनको इतिहास खोज्ने प्रयास हुन थाल्यो । यसै क्रममा वि.स.२०२२ (सन् १९६६) मा नेपालको कानुन तथा न्याय मन्त्रालयले सन् १८५३ को मुलुकी ऐनलाई पुनर्मुद्रण गरी प्रकाशन गर्दा त्यसको भूमिकामा मानवन्यायशास्त्रको उल्लेख गरेको पाइन्छ । नेपालका केहि प्रबुद्ध इतिहासकारहरूले मानवन्यायशास्त्रको ग्रन्थ न्यायविकासिनीलाई नेपालको पहिलो कानुन संहिता मानेर यो पुस्तक लेखिएको दिन फागुन शुक्ल तृतीयालाई कानुन दिवसको रूपमा मनाउनुपर्ने अभियान चलाएको देखिन्छ । हालै इतिहासकार तथा अधिवक्ता रोशन कुमार झाको फेसबुक पेजमा प्रकाशित विवरण अनुसार तुल्सीलाल बसुकला, भरतमणि जंगम, सृजना प्रजापति, ज्योति जंगम, रुशेल शिल्पकार र रोशन कुमार झा लगायतका व्यक्तिहरू युथुनिमम दरबारमा भेला भएर उक्त दिनलाई कानुन दिवसको रूपमा मान्यता दिन माग गरेका छन् (झा, १६ फरवरी २०२६) । उनीहरूको यस प्रयासको पछाडी मुख्य रूपमा वि.स.२०८२ भदौ ३ गते प्रकाशित पुरुषेत्तमलोचन श्रेष्ठको शोधपुर्ण लेख "मानवन्यायविकासिनी : नेपालको पहिलो संहिताबद्ध लिखित कानुन" र विष्णुप्रसाद खनालको लेख "ऐतिहासिक कानुनी दस्तावेज : न्याय विकासिनी" जस्ता अनुसन्धानात्मक लेखहरू रहेको देखियो । तर दुवै इतिहासकारहरूले आफ्ना लेखहरूमा विवादरत्नाकरको चर्चा गरेको देखिएन् । मैले यस अध्ययनमा नेपालको कानुनको इतिहासको पहिलो कानुन संहिताको रूपमा न्यायविकासिनीभन्दा ६५ वर्ष पहिले र १८५३ ईस्वीको मुलुकी ऐनभन्दा ६०० वर्ष पहिले भक्तपुर दरबारमा बसेर विधिविज्ञ चण्डेश्वर ठक्कुरले लेखेका हिन्दु कानुन संहिताको पुस्तक विवादरत्नाकर रहेको पाएँ । यो कानुन संहिता जयस्थिति मल्लभन्दा ४० वर्ष पहिले लेखिएकोले राजा जयस्थिति मल्लको समयमा लेखिएको मानवन्यायविकासिनीको र रामशाहले गरेका सुधारहरूको एक प्रंमुख आधार ग्रन्थ रहेको पाएँ । त्यसैले यस अध्ययनमा कानुन संहिता विवादरत्नाकरको रचयिता स्मृतिकार चण्डेश्वर ठक्कुरको कानुनविदको रूपमा परिचयात्मक अध्ययन गर्ने कार्य गरिएको छ ।

सन् १०९७ मा नान्यदेवले स्थापित गरेको तिरहुतको कर्णाटराज्यको प्रशासनिक सुदृढिकरणका लागि उनका छोरा गंगदेवले राज्यलाई विभिन्न ग्राम र प्रगन्नाहरूको प्रशासनिक इकाईमा विभाजन गरेका थिए ( चौधरी, सन् २०१०) । राजा नरसिंहदेवको समयदेखि कन्नौजका राजा गोविन्दचन्द्र गाहडवालको सन्धिविग्रहिक मन्त्री लक्ष्मीधर भट्टले तयार गरेका सोरह भागहरूमा विभाजित कल्पतरु नाउँको हिन्दु धर्मशास्त्रहरूमाथि आधारित निबन्ध ग्रन्थले तिरहुतमा कानुनी मान्यता पाएको थियो (मिश्र, सन् १९७३) । पछि राजा

शक्तिसिंहदेवको समयमा पिता वीरेश्वर ठाकुरको जीवनकालमा नै चण्डेश्वर ठाकुरको अगुवाइमा राजाको शक्तिमाथि अङ्कुश लगाउन सात सदस्यीय परिषदको गठन गरिएको थियो । "चण्डेश्वर आफ्नो समयको प्रकाण्ड विद्वान र राजनीतिज्ञ थिए । उनले राजाको अधिकार र शक्तिमाथि अङ्कुश लगाउनका लागि महत्वपुर्ण भूमिका निर्वाह गरे । मिथिलाको इतिहासमा उक्त घटना आफ्नो किसिमको पहिलो घटना थियो" (ठाकुर, सन् १९९२) । "राजाको निरङ्कुशताको विरोधमा सर्वप्रथम चण्डेश्वर ठक्कुरले आवाज उठाएका थिए । उनी आफ्नो समयको एउटा प्रसिद्ध विद्वान र राजनीतिज्ञ थिए" (चौधरी, सन् २०१०) । यसप्रकार राजा शक्तिसिंहदेवको समयमा १५/१६ वर्षको कलिलो उमेरमा नै राजाको शक्तिमाथि अङ्कुश लगाउन रक्तपातरहित राजप्रसादीय क्रान्ति ल्याउन सफल, महान राजनीतिज्ञ, कानुनविद चण्डेश्वर ठक्कुर नाबालक अवस्थामा गद्दीमा बसेका राजा हरिसिंहदेवको समयमा आफ्नो शासनको उत्कर्षमा पुगेका थिए । १३११ ईस्वीमा नेपाल उपत्यका विजय गरेका चण्डेश्वरले १३११ ई.देखि १३१४ ईस्वीसम्म नेपालमा बसेर भक्तपुर राजदरबारको पवित्र भूमिमा नेपालको कानुनी इतिहासको पहिलो पुस्तक विवादरत्नाकर तयार पारेका थिए । उक्त पुस्तकमा देवानी र फौजदारी कानुनको व्यवस्थाका साथै देवानी संहिता अन्तर्गत सम्पति उत्तराधिकार र अन्य देवानी कानुन सम्बन्धि व्यवस्था समावेश गरिएका छन । फौजदारी कानुन अन्तर्गत हत्या, बलात्कार, चोरी, ठगी, अपहरण अप्राकृतिक यौनसम्बन्ध सम्बन्धि कानुनी प्रावधानहरू राखिएका छन् । त्यसैगरी निर्णय प्रक्रिया अन्तर्गत कानुनी कारवाहीका साथै दण्डविधान सम्बन्धि व्यवस्था राखिएको छ । यस ग्रन्थको सम्बन्धमा चण्डेश्वर ठाकुर स्वयंले ग्रन्थको प्रारम्भ र अन्तमा यसप्रकार लेखेका छन् ।

"शतमेकं तरंगाणां विदुषां चितरञ्जनम् । विधियते विधिज्ञेन श्रीचण्डेश्वरमन्त्रीणा ॥"

(विद्यालङ्कार, सन् १८८७, पेज ४) ।

यस ग्रन्थको उपसंहारको समापनमा उनले तिथिमितिसहित आफ्नो परिचय यसप्रकार दिएका छन् ।

"रसगुणभुजचन्द्रैः सम्मिते (१२३६) शाकवर्षे । सहसि धवल पक्षे वाग्मती सिन्धुतीरे ॥
अदित तुलित मुच्चैरात्मना स्वर्णराशिं । निधिरखिल गुणानामुत्तरः सोमनाथः ॥
इतिसप्रक्रियमहासन्धिविग्रहिकठक्कुर मन्त्रिवर-श्रीवीरेश्वरात्मज
सप्रक्रियमहासन्धिविग्रहिक ठक्कुर चण्डेश्वर-
विरचितो विवादरत्नाकरः सम्पुर्णः"
(विद्यालङ्कार, सन् १८८७, पेज ६७१) ।

यसरी विवादरत्नाकरको प्रारम्भमा राखिएको मंगलाचरणको अन्तमा उनले 'विद्वानहरूको चित्त शान्तिका लागि एकसय तरंग (अध्याय) मा विधिविज्ञ मन्त्री चण्डेश्वरले कानुन लेखे (विधियते)' भनी पुस्तक लेखनको उद्देश्य बताएका छन् । त्यसैगरी उक्त पुस्तकको अन्तमा 'शक सम्वत १२३६ को पुस शुक्लपक्ष (१३१४ ईस्वीको दिसम्वर वा १३१५ ईस्वीको जनवरी) मा आफ्नो तौल जतिको स्वर्णराशि तुलापुरुष अखिल विश्वमा उत्तरको सोमनाथ(पशुपतिनाथ)मा वाग्मतीको किनारमा दान गरे' लेखी ग्रन्थ समाप्त गरेका छन् । यस ग्रन्थमा देवानी र फौजदारी कानुनको व्यवस्था गरी एकसय अध्यायमा १८७३ वटा शास्त्रीय प्रसंग, स्मृतिग्रन्थहरूका कानुनी प्रावधानहरू समावेश गरिएका छन् ।

यसप्रकार नेपाल उपत्यकाको भक्तपुर राजदरबारमा बसेर नेपालको पहिलो देवानी र फौजदारी कानुनको संहिता सन् १३१४ को दिसम्वरमा तयार गरी पशुपतिमा तुलापुरुष दान गर्ने हिन्दु धर्मशास्त्रका ज्ञाता, नेपालको प्रथम कानुनविद चण्डेश्वर ठक्कुर आज ओझेलमा परेका छन् । नेपालको बारा जिल्लाको

सिमरौनगढको मन्त्री परिवारमा जन्मे हुर्केर नेपालकै माटोमा रमाएका नेपालका प्रथम कानुनविद चण्डेश्वर ठक्कुरले नेपालमा उचित सम्मान नपाएपनि उनी पछि हिन्दु विधिशास्त्रका ज्ञाताहरू बंगालको रघुनन्दन भट्टाचार्यले आफ्ना कानुनी साहित्यमा, बिहार चम्पारणका मदनसिंहले आफ्नो ग्रन्थ मदनरत्नप्रदीपमा र कन्नौजका कमलाकर भट्टले निर्णयसिन्धुमा ठाउँठाउँमा उनको कानुनी विचारलाई उल्लेख गरेका छन् । सबभन्दा महत्वपुर्ण कुरा त ब्रिटिशकालीन भारतमा समेत चण्डेश्वरको विवादरत्नाकरलाई हिन्दु सम्पत्ति उत्तराधिकार सम्बन्धि टेरिटोरियल एक्टमा असल कानुनको रूपमा सिफारिश गरिएको थियो । तर उनले आज आफ्नै जन्मस्थल सिमरौनगढ र कर्मस्थल भक्तपुर जहाँ विवादरत्नाकर लेखेका थिए, त्यस ठाउँमा कुनै सम्मान पाएका छैनन् । उनको कानुनी साहित्यलाई नेपालमा कुनै स्थान दिइएको देखिंदैन ।

सिमरौनगढको मन्त्री परिवारमा जन्मे हुर्केर भक्तपुरमा बसेर नेपालको कानुन र न्यायको इतिहासको पहिलो पुस्तक विवादरत्नाकर शक सम्वत् १२३६ (सन् १३१४) मा तयार गर्ने महान विधिविज्ञ चण्डेश्वर दक्षिण भारतको विज्ञानेश्वर र बंगालको जिमूतवाहनभन्दा कुनै पनि अर्थमा कम छैनन् । नेपालको आजको कानुनी व्यवस्थाले पनि दक्षिण भारतको विज्ञानेश्वरको मिताक्षरालाई जुन स्थान दिएको छ । त्यसको तुलनामा नेपालको चण्डेश्वरको विवादरत्नाकरलाई कुनै स्थान दिइएको देखिदैन । अतः यस अध्ययन मार्फत चण्डेश्वरको परिचय खोज्नुका साथै विवादरत्नाकरको कानुनी व्यवस्थाको संक्षिप्त परिचय दिई नेपालको प्रथम कानुनविदको रूपमा स्थापित हुनसक्ने आधारहरू खोज्ने प्रयास गरिएको छ ।

## अनुसन्धान विधि

प्रस्तुत लेख गणात्मक विधिमा आधारित रहेको छ । नेपालको पूर्वमध्यकालको चौधौं शताब्दीको इतिहाससित सम्बन्धित ऐतिहासिक लेख भएकोले यसका लागि पुस्तकालयीय अनुसन्धान विधिका द्वितीय स्रोतहरू प्रयोग गरिएका छन् । यस लेखमा तत्कालीन ऐतिहासिक स्रोतहरू गोपालराज वंशावली, अभिलेखहरूका साथै देशीविदेशी इतिहासकारहरूले प्रकाशित गरेका सम्बन्धित अनुसन्धानात्मक कार्यका लिखित दस्तावेजहरूलाई प्रयोग गरिएको छ । एशियाटिक सोसाइटी अफ बंगालबाट प्रकाशित विवादरत्नाकरको सन् १८८७ र सन् १९३१ को दुवै संस्करणको अध्ययन गरिएको छ ।

## विश्लेषण र प्राप्ति

यस अध्ययनमा सम्बन्धित तथ्य र तथ्याङ्कहरूलाई समय, ऐतिहासिक पात्र, घटना र त्यसको ऐतिहासिक प्रभावहरूको आधारमा वर्णनात्मक विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । यसमा ऐतिहासिक अनुसन्धानका लागि प्रयोग गरिने वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोगद्वारा निष्कर्ष निकालिएको छ ।

## चण्डेश्वर ठाकुरको परिचय

यिनले लगभग आफ्ना सबै ग्रन्थहरूमा सिमरौनगढका अन्तिम कर्णाटवंशी राजा हरिसिंहदेवको मन्त्री र महासन्धिविग्रहिक वीरेश्वरठाकुरको छोराको रूपमा आफ्नो परिचय दिएका छन् । मात्र १३७० ईस्वीपछि राजा भएका मिथिलाको ओइनवार वंशका भवसिंहको दरबारमा आश्रित मन्त्री भएर बसेको बेला राजाको आज्ञाले लेखेका पुस्तकमा भवेशको मन्त्रीको रूपमा आफ्नो परिचय दिएका छन् ।

“राज्ञा भवेशेनाज्ञप्तो राजनीतिनिबन्धकम् । तनोति मन्त्रिणामार्यः श्रीमान् चण्डेश्वरः कृती ॥

राजा भवेशको आज्ञा पाएर मन्त्रीहरूमा श्रेष्ठ पण्डित श्रीमन् चण्डेश्वरले राजनैतिक निबन्धको विस्तार गर्दछ" (झा र गैरोला, सन् १९७०) । यो राजनीति रत्नाकर लेख्ने बेलामा उनको उमेर लगभग ८५ वर्षको भएको कुरा भारतीय विद्वानहरूले लेखेका छन् । "राजा भवेशको समयमा चण्डेश्वर लगभग ८५ वर्षका थिए । प्रमाणिक रूपमा उनी आफ्नो हजुरबाउ देवादित्य झैं लामो आयु उपभोग गरेका थिए" (जायसवाल, सन् १९३६) । "आफ्नो राजनीति रत्नाकरको रचना उनले मिथिला नरेश भवेशको आज्ञाले गरेका थिए । राजा भवेश वा भवेश्वर कर्णाटवंश पछिका कामेश्वर राजवंशका राजा थिए । जो १३७० ईस्वीमा मिथिलाका राजा थिए" (झा र गैरोला, सन् १९७०) । यसप्रकार यो राजनीति रत्नाकर जीवनको अन्तिम समयमा अन्तिम ग्रन्थको रूपमा लेखेका देखिन्छन् ।

सन् १३७० मा उनको उमेर ८५ वर्षको मान्ने हो भने उनको जन्म सन् १२८५ देखि १२९० को बीचमा भएको हुनसक्छ । यसरी सन् १२८५/९० तिर सिमरौनगढको कर्णाट राजवंशको कुलक्रमानुगत महासन्धिविग्रहिक मन्त्री कर्मादित्य ठाकुरको पनाति, देवादित्यको नाति र वीरेश्वर ठाकुरको छोराको रूपमा मिथिलाको उच्च कुलीन मैथिल ब्राह्मण परिवारमा चण्डेश्वर ठाकुरको जन्म भएको थियो । उच्च शिक्षित र राजनैतिक घरानामा उनको जन्म भएकोले उनले राम्रो लालनपालन र समुचित शिक्षादीक्षा पाएका थिए । त्यसबेलासम्म मिथिलाबाहेक लगभग सम्पुर्ण उत्तरी भारतमा ईस्लामिक साम्राज्य फैलिसकेको थियो । त्यसकारण तिरहुत हिन्दु धर्मशास्त्रका ज्ञाता विद्वान पण्डितहरूका लागि प्रमुख आश्रयस्थल बन्न पुगेको थियो । यस्तो राजनैतिक, धार्मिक, शैक्षिक परिवेशमा उनको बाल्यकाल बितेकोले उनी सानैदेखि हिन्दु धर्मसंस्कृतिका कठोर पालनकर्ता सात्विक आचारविचारका व्यक्ति बन्न पुगेका थिए । कानुन र राजनीतिको ज्ञान उनको अंगअंगमा भरिएको थियो । त्यसैले १५/१६ वर्षको कलिलै उमेरमा उनले राजाको शक्तिलाई नियन्त्रण गर्ने रक्तपात विहिन क्रान्ति शक्तिसिंहको दरबारमा ल्याइदिएका थिए । पछि हरिसिंहदेवको समयमा आफु स्वयं महासन्धिविग्रहिक मन्त्री भएपछि त नेपालमाथि आक्रमण गरी नेपाल विजय गरेर त्यहाँका शासक जयतुंगमल्लकी छोरी देवलदेवीसित राजाको विवाह गराई दिएका थिए । यसैबेला उनले भक्तपुर दरबारमा बसेर आफ्नो कानुन सम्बन्धि प्रसिद्ध पुस्तक विवाादरत्नाकर तयार गरेका थिए । उनले लेखेका यस्ता कानुनका सातवटा किताबहरू पाइएका छन् । जसलाई संक्षेपमा सप्तरत्नाकर भन्ने गरिन्छ । यस सन्दर्भमा मोहनप्रसाद खनाल लेख्दछन्, "चण्डेश्वर कर्णटवंशी राजा हरिसिंहदेवका मन्त्री, प्रमुख सेनानायक तथा धर्माधिकारी र विद्वान पनि थिए । यिनले रचना गरेका व्यवहार रत्नाकर, कृत्यरत्नाकर, विवादरत्नाकर, दानरत्नाकर, पूजारत्नाकर, शुद्धिरत्नाकर र गृहस्थ रत्नाकर गरी सात रत्नाकर तथा कृत्यचिन्तामणि, दासविमोक्ष विधि, स्वामीपाल विवाद तरंग आदि अनेक ग्रन्थहरूको रचना गरेका पाइएका छन्" (खनाल, सन् १९९९) । "यतिबेला तेहौंत राज्यको सिमरौनगढको सिंहासनमा हरसिंहदेव विराजमान थिए । उनको मन्त्रीपरिषदमा वरिष्ठ मन्त्रीहरूमा मुख्य सन्धिविग्रहिक मन्त्री चण्डेश्वर ठक्कुर थिए । यिनको यो पद पुस्तैनी थियो । उनका बाबु वीरेश्वर र बाजे देवादित्य पनि यस दरबारमा यहि पदमा थिए । चण्डेश्वर ठूला विद्वान थिए । यीनले धर्मशास्त्रका गरी सात रत्नाकर र अरु अनेक ग्रन्थहरू लेखेका थिए । यिनी शास्त्रमा मात्रै होइन शस्त्रमा पनि उत्तिकै पारंगत थिए । नेपालमा चढाइ गर्दा हरसिंहदेवको तेहौंते सैनिकको नेतृत्व यीनै महामन्त्री चण्डेश्वर ठक्कुरले गरेका थिए" (नेपाल, सन् १९९७) । चण्डेश्वरले व्यवहार रत्नाकरमा आफुलाई प्रधानन्यायाधीश ( प्राडविवाक)को रूपमा प्रस्तुत गरेको कुरा जायसवालले लेखेका छन् । "धर्मशास्त्र निबन्धको तेस्रो रत्नाकर (

व्यवहार रत्नाकर) को तयारीको समयमा चण्डेश्वरले आफुलाई मिथिलाको प्रधान न्यायाधीश कार्यालयको प्राडविवाक(प्रधान न्यायाधीश)को रूपमा प्रस्तुत गरेका छन्" (जायसवाल, सन् १९३६) ।

यसरी व्यवहार रत्नाकर लेख्ने समयमा उनी महासन्धिविग्रहिक मन्त्रीका साथै मिथिलादेशको प्राडविवाक(प्रधान न्यायाधीश) समेत भइसकेका थिए । सन् १३२४ को आक्रमणमा सिमरौनगढ ध्वस्त भईसकेपछि सन् १३२६ मा राजा हरिसिंहदेवको नेपाल पलायनको क्रममा बाटोमा तीनपाटनमा स्वर्गारोहण भएपछि राजाको आत्माको शान्तिका लागि चण्डेश्वरले यज्ञ गरेको कुरा उनले आफ्नो ग्रन्थ कृत्यचिन्तामणिको परिचयमा लेखेका छन् । "यदभूरियज्ञैः सन्तुष्टः स्वर्गलोके हरिरपि महिता येन जीवेश्वराद्याः" (जायसवाल, सन् १९३६) । यसप्रकार चण्डेश्वरले कृत्यचिन्तामणि लेख्ने बेलासम्म राजा हरिसिंहदेवको स्वर्गारोहण भईसकेको थियो । त्यसपछि शक्ति सञ्चय गरेर यीनले राजग्रामका माझी भारोलाई दमन गरी हरिसिंहदेवको परिवारलाई बन्दी बनाएको घटनाको बदला लिएका थिए । "सम्वत ४५२ मार्गशिर शुदि १५ चण्डेश्वरन राजगा काया दिन" पत्र ४७ क (बज्राचार्य र मल्ल, सन् १९८५) । ने.स.४५२ (सन् १३३२) मंसिर पुर्णिमाका दिन चण्डेश्वरले राजग्राम विजय गरे । उनी जिवनको अन्तिम समयसम्म पनि लेखन कार्यमा सक्रिय रहेको कुरा उनको राजनीति रत्नाकरबाट स्पष्ट हुन्छ । लगभग ८५ वर्षको उमेरमा राजा भवेशको दरबारमा आफ्नो जिवनको अन्तिम ग्रन्थ राजनीति रत्नाकर लेखेपछि शायद उनको स्वर्गारोहण त्यहि दरबारमा भएको थियो । किनभने त्यसपछि उनको कुनै अत्तो पत्तो देखिदैन ।

## चण्डेश्वरले गरेका प्रमुख कार्यहरू

परमपवित्र मिथिला भूमिको नेपाल अधिनस्थ सिमरौनगढको पावन धरतीमा तेरहौं शताब्दीको अन्ततिर जन्मेका चण्डेश्वर ठक्कुर बहुमुखी प्रतिभाका धनी थिए । उनी वीरयोद्धा, कुशल सेनानायक, सफल कूटनीतिज्ञ, संस्कृत साहित्यका ठूला विद्वान, राजनीतिशास्त्रका महान पण्डित र कानुनका ज्ञाता, तिरहुत राज्यको महासन्धिविग्रहिक मन्त्रीका साथै प्राडविवाक(प्रधानन्यायाधीश) 'निर्णाय व्यवहार-सागमदृशः यः प्राडविवाक' थिए ।

सिमरौनगढको महासन्धिविग्रहिक परिवारमा जन्मिएर उनले सानै उमेरमा राजा शक्तिसिंहदेवको समयमा सात सदस्यीय परिषदको गठन गराएर आफ्नो कूटनैतिक क्षमताको परिचय दिएका थिए । राजा हरिसिंहदेवको समयमा आफ्नो नेतृत्वमा सफल सैनिक अभियान सञ्चालन गरी सन् १३११ मा नेपाल विजय गरेर उनले आफ्नो वीरता, कौशल र सैन्य सञ्चालन क्षमताको प्रदर्शन गरेका थिए । पशुपतिको पुजाआजा गरी वागमती किनारमा गरेको तुलापुरुष दानले उनको हिन्दु धर्मसंसकृति प्रतिको आस्था र विश्वासका साथै दानशीलतालाई देखाउँछ । तत्कालीन नेपालको शक्तिशाली राजघरानाकी जयतुंगमल्लकी रूपवती छोरी देवलदेवीसित राजा हरिसिंहदेवको विवाह सम्पन्न गराई नेपाल र तिरहुत बिच वैवाहिक सम्बन्ध कायम गरी दुवै राज्य बिचको सम्बन्धलाई सुदृढ बनाएको उनको कार्यले उनमा भएको कूटनैतिक क्षमताको परिचय दिन्छ । राजा हरिसिंहदेवको निधनपछि राजपरिवारलाई बन्दी बनाएर लुट्ने राजग्रामका माझी भारोलाई राजग्राम विजय गरी दिएको दण्ड र राजाको आत्माको शान्तिका लागि गरेको यज्ञले उनको राजभक्ति र कर्णाटवंशप्रतिको समर्पण भाव देखाउँछ । यसप्रकार उनले गरेका कार्यहरूले उनी हिन्दु धर्मसंस्कृतिका अनुयायी र संरक्षक, महान राजनेता, वीरयोद्धाका साथै सफल कूटनीतिज्ञ भएको देखिएपनि उनको सबभन्दा ठूलो परिचय कानूनी साहित्यका कृतिहरू सप्तरत्नाकर पुजा, शुद्धि, दान, व्यवहार, गृहस्थ, कृत्य र

विवादरत्नाकरका साथै आठौं तथा अन्तिम राजनीति रत्नाकरले कायम गरेको छ । यस कानुनी साहित्यका कृतिहरूले उनलाई हिन्दु विधिशास्त्रका ज्ञाता, प्रख्यात वकिल र प्रधान न्यायाधीशको रूपमा तिरहुत र नेपालको इतिहासमा स्थापित गरिदिएको छ । मैथिली साहित्यका महाकविका रूपमा स्थापित विद्यापतिको हजुरबाउको दाजु रहेका उनी महाकविको काका हजुरबाउ भएको र संस्कृत भाषामा थुप्रै कानुनी ग्रन्थहरूको रचना गरी महाकविको साहित्यिक यात्राका लागि मार्ग प्रशस्त गरिदिएका थिए । नेपालको कानुन र विधिशास्त्रको इतिहासमा आफ्ना यी अमूल्य रचनाहरूको माध्यमबाट उनी आफ्नो अद्वितीय स्थान बनाउन सफल भएको देखिन्छ ।

सन् १७५७ को पलासीको युद्धबाट भारतमा स्थापित अंग्रेजी शासनमा हिन्दु न्यायिक व्यवस्थापनका लागि हिन्दु विधिशास्त्रहरूको खोजी गर्ने क्रममा हेनरी थोमस कोलब्रुकले सन् १८१०.मा टु ट्रीटाइज अफ हिन्दु लॉ अफ इनहेरीटेन्स पुस्तक प्रकाशित गरी विज्ञानेश्वरको मिताक्षरा र जिमूतवाहनको दायभागलाई प्रकाशमा ल्याएका थिए । पछि हिन्दु कानुनका किताबहरू प्रकाशित गर्ने क्रममा एशियाटिक सोसाइटी अफ बंगालबाट चण्डेश्वर ठक्कुरका कृतिहरू पनि प्रकाशन गरिए । हुन त उनका सबै ग्रन्थहरू उत्तिकै महत्वपुर्ण रहेका छन् । तर भक्तपुर दरबारमा बसेर लेखिएको उनको कानुन साहित्यको प्रथम पुस्तक विवादरत्नाकरले छुट्टै महत्व बोकेको छ । जस्तो कि यस रत्नाकरको सन् १९३१ को संस्करणको प्रस्तावनामा सम्पादक कमलकृष्ण स्मृतितीर्थले लेखेका छन् । “विवादरत्नाकर चण्डेश्वर ठक्कुरको स्मृति रत्नाकरहरूमध्येको पहिलो संहिता हो” ( स्मृतितीर्थ, सन् १९३१) । यस ग्रन्थमा उनले एकसय तरंगहरूमा १८७३ वटा शास्त्रीय प्रमाणहरूलाई कोड गरी आफ्ना विचारहरू राखेका छन् । उक्त पुस्तकमा देवानी कानुनका सम्पत्ति उत्तराधिकार सम्बन्धि व्यवस्थाका साथै ऋण जमानी, खरिदबिक्रि, साँध सीमाना आदि व्यवस्थाहरू समेटिएका छन भने फौजदारी कानुन अन्तर्गत हत्या, बलात्कार, अपहरण, चोरी, डकैती आदि सम्बन्धि न्यायिक प्रावधानहरू राखिएका छन् ।

## नेपालमा कानुनको विकास र विवादरत्नाकर

लिच्छविकालको शासनव्यवस्था र नियमकानुनहरू धर्मशास्त्रहरूमाथि आधारित थिए । मध्यकालसम्म आइपुग्दा यी स्मृतिहरूमाथि आधारित निबन्धहरू लेखिन थालियो । “बारहौं शताब्दीदेखि राजाहरूका आदेशमा तयार गरिएका यस्ता धर्मनिबन्धहरू पाइन्छन् । प्राचीनतम निबन्धहरूमध्ये एक स्मृतिकल्पतरु हो, जसको रचना कन्नौजको राजा गोविन्दचन्द्र (सन् ११०५-४३) को परराष्ट्र मन्त्री लक्ष्मीधरले गरेका थिए । यसमा धर्म विधि, व्यवहार विधि, दण्डविधि र प्रक्रियाहरू सम्मिलित छन् । बंगालका राजा लक्ष्मणसेनका लागि हलायुधद्वारा लेखिएको ब्राह्मणसर्वस्वमा ब्राह्मणको समस्त कर्तव्यहरूको निरूपण गरिएको छ । यसलाई केही अंशमा विधिग्रन्थ भन्न सकिन्छ । हरिसिंहदेव (लगभग सन् १३२५) को मन्त्री चण्डेश्वरको स्मृतिरत्नाकर र मिथिलाको हरिनारायण (सन् १५१०) का लागि लेखिएको वाचस्पतिको चिन्तामणि आदि अनेकौं स्मृति निबन्धग्रन्थहरू रहेका छन्” (कीथ, सन् १९७८) । पि.भी.काँणेले चण्डेश्वरलाई मिथिलाका धर्मशास्त्रीय निबन्धकारहरूमध्ये सर्वश्रेष्ठ मानेका छन् । उनी लेख्दछन्, “मिथिलाका धर्मशास्त्रीय निबन्धकारहरूमा चण्डेश्वर सर्वश्रेष्ठ छन् । उनको स्मृतिरत्नाकर वा मात्र रत्नाकर एक विस्तृत निबन्ध ग्रन्थ हो । यसमा कृत्य, दान, व्यवहार, शुद्धि, पूजा, विवाद एवं गृहस्थ नाउँका सातवटा अध्यायहरू रहेका छन् । तिरहुतमा हिन्दु व्यवहारहरू (कानुनहरू) का लागि विवादरत्नाकर एवं वाचस्पतिको विवादचिन्तामणिलाई प्रमाणिक ग्रन्थ मानिन्छ । कृत्यरत्नाकरमा २२ तरंग, गृहस्थरत्नाकरमा ६८ तरंग, दानरत्नाकरमा २९ तरंग विवादरत्नाकरमा १०० तरंग शुद्धिरत्नाकरमा ३४ तरंगहरू रहेका छन् । चण्डेश्वर राजमन्त्री थिए । उनले नेपाल विजय गरेर आफुलाई सुनमा तौलेर पशुपतिमा

दान दिएका थिए । यिनको समय चौधौँ शताब्दीको पहिलो चरण हो चण्डेश्वरले मैथिल एवं बंगाली लेखकहरूमाथि निकै प्रभाव पारेका छन् । मिसरु मिश्र, वर्धमान, वाचस्पति मिश्र एवं रघुनन्दनले यिनलाई धेरै पल्ट उल्लेख गरेका छन् । वीरमित्रोदयले रत्नाकरलाई पौरस्त्य निबन्ध (पुर्वीय निबन्ध) भनेका छन्" (काँणे, सन् १९८०) ।

यसप्रकार मध्यकालमा नेपाल, मिथिला र बंगालको कानुन साहित्यमा चण्डेश्वरको यो रत्नाकर निबन्ध ग्रन्थको निकै ठूलो प्रभाव रहेको कुरा ए.बी. कीथ, पि.भी. काणे लगायतका देशीविदेशी विद्वानहरूले लेखेका छन् । तर नेपाली इतिहासकारहरूले विवादरत्नाकरभन्दा ६५ पछि लेखिएको न्यायविकासिनीलाई नेपालको पहिलो कानुन संहिता मानेका छन् । विष्णुप्रसाद खनालले त यस न्यायविकासिनीलाई विश्वकै पहिलो लिखित कानुनको संज्ञा दिएका छन् जबकी त्यो नेपालको पनि पहिलो कानुन नरहेको देखिन्छ । "नेपाल संवत ५०० विक्रम संवत १४३६ र सन् १३८० मा जारी भएको उक्त कानुन विश्वमा पहिलो लिखित कानुन मानिएको फ्रान्सको नेपोलियन सिविलकोडभन्दा झण्डै ५०० वर्ष पुरानो मानिएको छ । यस अर्थमा पनि विश्वको पहिलो स-विस्तार कानुनका रूपमा यसलाई लिन सकिन्छ" (खनाल, सन् २०२४) । त्यसैगरी पुरुषोत्तमलोचन श्रेष्ठले पनि यसलाई नेपालका साथै विश्वको सर्वप्राचीन संहिता मानेका देखिन्छन् । "नेपालको कानुनी इतिहासको दृष्टिले यो नेपालको पहिलो संहिताबद्ध लिखित कानुन हो, पहिलो मुलुकी ऐन हो, पुर्ण कानुन हो । विश्व इतिहासको दृष्टिले मेसोपोटामिया सभ्यताकालीन शिलाफलकमा उत्कीर्ण उर-नम्मू संहिता (ई.पू.२१००-२०५०) लाई विश्वकै सबभन्दा पुरानो संहिता मानिएको छ । विचारणीय कुरा के छ भने हाम्रो न्यायविकासिनी भुजिँमोल लिपिमा ताडपत्रमा लेखिएको हस्तलिखित ग्रन्थ हो । यस दृष्टिले यसलाई यस विषयको विश्वकै सर्वप्राचीन संहिता हो भन्ने मान्न सकिन्छ" (श्रेष्ठ, २०२५) । तर उनीहरूले मणिकले लेखेका न्यायविकासिनीभन्दा पहिले तेरहौँ शताब्दीको अन्तमा नेपालको सिमरौनगढको मन्त्री परिवारमा जन्मेर भक्तपुरको युथुनिमममा बसेर महान स्मृतिकार चण्डेश्वर ठाकुरले लेखेका विवादरत्नाकरलाई बिर्सेका छन् । जबकी मिथिलाका चर्चित विद्वान वर्षकृत्यका रचयिता रुद्रधर झा, शमशुद्दीन इलियाँसले तीन टुक्रा पारेका नेपालको पशुपतिनाथको मूर्तिलाई जयसिंह रामवर्धनले पुनःप्राणप्रतिष्ठा गराउँदा पुरोहितको भूमिका निर्वाह गर्ने राजपति शर्मा, न्यायविकासिनीका सम्पादक मणिक आदी विद्वानहरू चण्डेश्वरकै विद्वत परम्परामा दीक्षित भएको कुरा मिथिलाका इतिहासमा पाइन्छ । यसरी चण्डेश्वरको विद्वत परम्परामा दीक्षित मणिकले १०० तरंगको विवाद रत्नाकरलाई १९ प्रकरणमा सीमित गरी जयस्थितिमल्लको समयमा न्यायविकासिनीको सम्पादन गरेको देखिन्छ । अतः नेपालको पहिलो कानुन संहिता न्यायविकासिनी नभई विवादरत्नाकर र कानुनविद मणिक नभई चण्डेश्वर ठक्कुर रहेको देखिन्छ ।

## विवादरत्नाकरको संक्षिप्त परिचय

नेपालको भक्तपुर दरबारमा बसेर चण्डेश्वरले लेखेको विधिशास्त्रको आफ्नो पहिलो पुस्तक विवादरत्नाकर तिरहुत मिथिलाको मात्र नभई सम्पुर्ण नेपालको कानुनी इतिहासको पहिलो ग्रन्थको रूपमा रहेको छ । उनले यस ग्रन्थको मंगलाचरणमा आफुले नेपाल विजय गरी वागमती किनारमा मंसिर महिनाको पुण्य समयमा तुलापुरुष दान गरी यो विवादरत्नाकर लेखेको कुरा उल्लेख गरेका छन् ।

"श्रीचण्डेश्वरमन्त्रिणा मतिमताऽनेन प्रसन्नात्मना, नेपालाखिलभूमिपालजयिना धर्म्मेन्दुदुग्धाब्धिना ।
वाग्मत्याः सरितस्तटे सुरधुनीसाम्य दधत्याः शुचौ, मार्गे मासि यथोक्तपुण्यसमये दत्तस्तुलापुरुषः ॥"

(स्मृतितीर्थ, सन् १९३१, पेज १)।

उनी यसै मंगलाचरणमा यस विवादरत्नाकरको परिचय दिंदै अगाडि लेख्दछन्।

"श्रीमान विवादपद दुर्गतिपातुकानामुद्धारहेतु, कृत निर्णयलब्धपुण्यः।
चण्डेश्वरः सचिवरत्नमिमं विवादरत्नाकरं, रचयति श्रुतिशास्त्रविज्ञ ॥" (स्मृतितीर्थ, सन् १९३१, पृ. २)

विवादपदको खराब आरोपबाट उद्धार गर्नका लागि निर्णय गर्ने पुण्य प्राप्ति गर्न सचिवहरूमध्येको रत्न झैं श्रुतिशास्त्रविज्ञ श्रीमान चण्डेश्वरले यो विवादरत्नाकरको रचना गरेको हो। उनले आफ्नो यस पुस्तकमा देवानी र फौजदारी दुवै कानुनका संहिताहरूलाई समेटेका छन्। जसमा एकसय तरंग(अध्याय) हरूमा समेटिएका विषयवस्तुहरू निम्नानुसार रहेका छन्।

| तरंग(अध्याय) | विषयवस्तु | तरंग | विषयवस्तु |
|---|---|---|---|
| (१) | ऋणदिने(लगानी गर्ने) सम्बन्धि व्यवस्था | (१६) | वेतन(तलब) निर्धारण प्रकृया |
| (२) | ब्याज र निर्ब्याजी व्यवस्था | (१७) | दासी सम्बन्धि |
| (३) | चक्रवृद्धि ब्याज सम्बन्धि व्यवस्था | (१८) | स्वामीपाल विवाद सम्बन्धि |
| (४) | ब्याज निषेध सम्बन्धि व्यवस्था | (१९) | संवेदनशील विषय सम्बन्धि |
| (५) | बन्धक र बन्धक लिलाम सम्बन्धि व्यवस्था | (२०) | क्रयबिक्रय सम्बन्धि |
| (६) | धितो (ग्यारेन्टी) सम्बन्धि व्यवस्था | (२१) | खरीद पश्चाताप (फिर्ता) |
| (७) | ऋण दिने प्रक्रिया | (२२) | सीमा विवाद सम्बन्धि |
| (८) | ऋण असुली सम्बन्धि व्यवस्था | (२३) | सीमासाँध वा आली सम्बन्धि |
| (९) | निक्षेप सम्बन्धि | (२४) | जग्गाको भोगचलन सम्बन्धि |
| (१०) | अधिकार बिक्रि सम्बन्धि | (२५) | बाली संरक्षण सम्बन्धि |
| (११) | स्व आर्जन सम्बन्धि | (२६) | बालीनाश गर्नेको दण्ड सम्बन्धि |
| (१२) | दाता र दान सम्बन्धि | (२७) | दण्डसजाय सम्बन्धि |
| (१३) | स्याहारसुसारका लागि उपस्थित हुने वा शुश्रुषा गर्ने सम्बन्धि | (२८) | वाकपुरुष (पञ्च) सम्बन्धि |
| | | (२९) | दण्डपुरुष सम्बन्धि |
| (१४) | दास मोक्ष विधि | (३०) | चोरी सम्बन्धि |
| (१५) | दास अधिकार विधि | (३१) | डकैती सम्बन्धि |
| (३२) | प्रकाशतस्कर(शुद्ध चोरी) सम्बन्धी | (५३) | प्रमाणित पिताको सम्पतिको अंशसम्बन्धी |
| (३३) | अप्रकाशतस्कर(ठगी) सम्बन्धि | (५४) | धेरै आमा र छोराहरू भएकोमा अंशबण्डा |
| (३४) | चोरीको अनुसन्धान सम्बन्धि | (५५) | हकदार सम्बन्धि |
| (३५) | चोरी गर्न निर्देशन दिने(उक्साउने/प्रेरित गर्ने) | (५६) | अंश लाग्ने सम्पति |
| (३६) | वर्णविशेष अनुसार चोरीको दण्ड सम्बन्धि | (५७) | अविभाज्य (हक नलाग्ने) सम्पति |
| (३७) | चोरीको लाभपक्षहरू सम्बन्धि | (५८) | स्त्रीधन सम्बन्धि |
| (३८) | हत्या, बलात्कार जस्ता जघन्य अपराध गर्ने दुस्साहस सम्बन्धि | (५९) | स्त्रीधनको अंशबण्डा सम्बन्धि |
| | | (६०) | विवाह विशेषमा दिइने प्रजाधन(दाइजो) सम्बन्धि |
| (३९) | घातक प्रहार अनुसन्धान सम्बन्धि | (६१) | स्त्रीधनको लक्षण(कायम हुने अवस्था) |
| (४०) | धनसंग्रह सम्बन्धि | (६२) | विलुप्तधन पुनर्प्राप्ति पछि अंशबण्डा |

(४१) बलात्कार स्त्रीहरण दण्ड सम्बन्धि
(४२) कन्यादुषण(केटीलाई) दुषित गर्ने अपराध
(४३) बलात्करको उद्देश्यले गरिने बन्धक सम्बन्धि
(४४) स्त्रीपुरुष धर्म (कर्तव्य) सम्बन्धि
(४५) स्त्रीरक्षा सम्बन्धि
(४६) स्त्रीधर्म (कर्तव्य) सम्बन्धि
(४७) प्रवासी पतिको स्त्रीको धर्म सम्बन्धि
(४८) पति मरेको (विधवा) स्त्री धर्म सम्बन्धि
(४९) नियोग (पति असक्षम भएपछि सन्तान प्राप्तिको विधि) सम्बन्धि
(५०) पुनरविवाह सम्बन्धि
(५१) दायभाग (अंशबण्डा) सम्बन्धि
(५२) पिताको जिवनकालमा गरिने अंशबण्डा सम्बन्धि
(६३) अंशबण्डा सम्बन्धि विविध व्यवस्था
(६४) अंशबण्डा भईसकेका सम्पत्तिको अंशबण्डा
(६५)अंशबण्डा पछि प्राप्त हुने सगोलको सम्पति
(६६) छोरा नभएको सम्पत्तिको अंशबण्डा
(६७) औरसपुत्रका लक्षणहरू(विवाहिता पत्निबाट जन्मेका छोरा कायम हुने अवस्था)
(६८) क्षेत्रजपुत्र (परस्त्रीबाट जन्मेका छोरा)सम्बन्धि
(६९) छोरीको छोरा सम्बन्धि व्यवस्था
(७०) पौनर्भव(परित्यक्ता वा विधवाबाट जन्मिएको सन्तान) सम्बन्धि व्यवस्था
(७१) कानीन (कुमारी आमाबाट जन्मिएको सन्तान) सम्बन्धि
(७२) लुकाइएको स्त्री (रखौटी) बाट जन्मिएको सन्तान
(७३) सहोढ (विवाहभन्दा पहिले गर्भवती भई विवाहपछि जन्मिएको सन्तान) सम्बन्धि
(७४) दत्तकपुत्र वा पुत्री (धर्मपुत्र वा पुत्री) सम्बन्धि
(७५) क्रितपुत्र वा पुत्री (किनिएको पुत्र वा पुत्री ) सम्बन्धि
(७६) भेटेको वा पाइएको (स्वयमुपस्थित) पुत्र वा पुत्री सम्बन्धि
(७७) अपविद्ध सन्तान (परित्यक्तलाई ग्रहण गरिएको सन्तान)
(७८) कृत्रिम सन्तान (यौनइच्छा शान्तिको क्रममा जन्मिएका र पछि ग्रहण गरिने सन्तान)
(७९) शूद्र स्त्रीबाट जन्मिएको सन्तान
(८०) पुत्रत्व विचार सम्बन्धि व्यवस्था
(८१) पुत्रातिदेश (पुत्रमाथि लागु हुने नियम) सम्बन्धि व्यवस्था
(८२) पुत्रनिरुक्त (छोरासम्बन्धि भनिएको)
(८३) निन्दित पुत्र सम्बन्धि
(८४) अपुताली धनको अंशबण्डा सम्बन्धि
(८५) सगोलको सम्पतिको अंशबण्डा सम्बन्धि
(८६) अंशबण्डाको निर्णय सम्बन्धि
(८७) अंशबण्डा गरिने विधि
(८८) जुवासञ्चालन सम्बन्धि
(८९) क्रियाभेद सम्बन्धि
(९०) प्रकीर्णक (जिन्सी सङ्कलन सम्बन्धि)
(९१) विशेष शुल्क सम्बन्धि
(९२) गुप्तधन सम्बन्धि
(९३) अर्काको अधीनमा वा भोगचलनमा भएको सम्पति सम्बन्धि
(९४) दण्ड निर्धारण सम्बन्धि
(९७) नगर परिहार सम्बन्धि
(९८) दण्डसंज्ञा सम्बन्धि
(९९) मानसंज्ञा सम्बन्धि
(१००) सहकारी आदि संघसंस्था सम्बन्धि

(९५) दण्ड संशोधन सम्बन्धि

(९६) ब्राम्हणको दण्ड परिहार (छुट) सम्बन्धि

चण्डेश्वरको यस विवादरत्नाकरको सन् १९३१ को संस्करणको प्रस्तावनामा सम्पादक कमलकृष्ण स्मृतितीर्थले यस कानुनी ग्रन्थलाई तत्कालीन ब्रिटिश सरकारले उत्तराधिकार सम्बन्धि असल कानुनको रूपमा टेरीटोरियल एक्टमा स्थान दिएको कुरा लेखेका छन् । उनको यो विवादरत्नाकर उत्तराधिकार सम्बन्धि कानुन 'मिथिला स्कूल अफ लॉ' को रूपमा चिनिन्छ । चण्डेश्वरको यस कानुनको किताबमा राखिएको कानुनी प्रावधानहरूलाई मुख्य गरी देवानी कानुन, फौजदारी कानुन र न्यायिक निर्णय प्रक्रिया शीर्षकमा समेट्न सकिन्छ । जसमध्ये देवानी कानुनमा पनि दायभाग र अन्य देवानी न्याय सम्बन्धि व्यवस्थाहरू समेटिएका छन् । चण्डेश्वरको उत्तराधिकार कानुनलाई पनि दायभाग र जिवित पितृका विभाग गरी दुई समूहमा समूहिकरण गर्न सकिन्छ । उनले अन्य देवानी व्यवस्था अन्तर्गत ऋणको ब्याज, मिश्र ब्याज, चल अचल सम्पत्तिको धित्तो जमानी, सम्पतिमाथिको वास्तविक अधिकार, चुक्ता गर्न नपर्ने ऋण, जमानी, अधिकारबिनाको बिक्रि, शेयरधनीहरूमा लाभांश वितरण सम्बन्धि, सेवासम्झौता अनुसारको कार्यसम्पादन नभएमा, सेवाको निरन्तरता सम्बन्धि, बेठबेगारी, वेश्यावृत्तिको निर्धारण सम्बन्धि नियम, चौपाया र उसको स्वामीत्व सम्बन्धि, खरिदबिक्रि, सीमविवाद, खेतीहर जग्गाको साँधसीमाना, लिजमा खेती र बालिसंरक्षण आदि व्यवस्थाहरूलाई समेट्ने प्रयास गरेको छ ।

त्यसैगरी उनको फौजदारी कानुन अन्तर्गत हत्या, बलात्कार, चोरी, गलत मनसायले छामछुम गर्ने, ठगी, अपहरण, अप्राकृतिक यौनकार्य आदि अपराधहरू सम्बन्धि न्यायको व्यवस्था गरेको देखिन्छ । न्यायिक निर्णय अन्तर्गत देवानी र फौजदारी दुवै अपराधहरूमा दिइने न्याय सम्बन्धि न्यायिक प्रक्रियालाई समेटिएको छ ।

**निष्कर्ष**

नेपालको कानुनको इतिहासमा सर्वप्रथम सामाजिक स्थिति बसाल्ने राजाको रूपमा जयस्थिति मल्ललाई लिइन्छ भने असल न्याय दिने राजाको रूपमा रामशाहलाई चिनिन्छ । त्यसैगरी कानुनी साहित्यको क्षेत्रमा सर्वप्रथम लिखित रूपमा लागू गरिएको कानुनको रूपमा राणाकालमा जंगबहादुर राणाले ल्याएको नेपालको मुलुकी ऐन वि.स.१९१० (१८५३ ई.) लाई लिइन्छ । तर नेपालभित्र लेखिएको पहिलो कानुनको किताब चण्डेश्वर ठाकुरको विवादरत्नाकर रहेको छ । राजा रामशाह र जयस्थिति मल्लभन्दा धेरै पहिले उनले यो पुस्तक लेखेको हुँदा यी दुवै राजाहरूको न्यायिक व्यवस्थामा पनि कतै न कतै चण्डेश्वरको विवाद रत्नाकरको हात अवश्य रहेको हुनसक्छ । कानुनविद चण्डेश्वरले आम जनतालाई न्याय दिनका लागि विवाद ( मुद्दा) को किनारा लगाई समाधन गरी समाजमा शान्तिसुव्यवस्था कायम गर्ने पवित्र उद्देश्य राखी यस ग्रन्थको रचना गरेको देखिन्छ । उनको यस ग्रन्थमा विभिन्न मुद्दाहरूलाई किनारा लगाउनका लागि एकसय अध्यायहरूमा विभिन्न धर्मशास्त्रहरू, संहिता, ब्राह्मण, रामायण, महाभारत, स्मृतिनिबन्ध ग्रन्थहरूको १८७३ वटा प्रसंग (भनाई)हरूको प्रमाण दिएर कानुनी प्रावधानहरू तयार गरेका छन् । तत्कालीन समाजमा प्रचलित लगभग हरेक विषयक्षेत्रसित सम्बन्धित मुद्दाहरूलाई किनारा लगाउनका लागि उनको यस ग्रन्थले मार्ग प्रशस्त गरिदिएको छ ।

नेपालको पूर्वमध्यकालमा अस्तित्वमा आएका तिरहुतको कर्णाटवंशको राजधानी शहर हाल नेपालको मधेश प्रदेश अन्तर्गतको बारा जिल्लाको सिमरौनगढमा तेरहौं शताब्दीको अन्तमा चण्डेश्वरको जन्म भएको

थियो । नेपालको तराईमधेशमा जन्मेर उनी यहीँको माटोमा शिक्षादीक्षा पाएर हुर्केका थिए । उच्चकुलीन मैथिल ब्राम्हण परिवारमा राम्रो हेरचाह पाएका चण्डेश्वरले आफ्नो विद्वता र क्षमताले तिरहुतको मात्र नभई नेपालको पनि तत्कालीन राजनीति र समाजलाई प्रभावित गरेका थिए । सामन्तवादी युगमा पनि कानुनी व्यवस्था बसाल्नका लागि उनले रत्नाकर श्रृंखलाका शुद्धि, पुजा, दान, व्यवहार, कृत्य, गृहस्थ र विवाद रत्नाकर गरी सप्तरत्नाकर र राजनीति रत्नाकर समेत गरी  आठवटा रत्नाकरका पुस्तकहरू लेखेका थिए । उनको निधनपछि विभिन्न कानुनविदहरूले उनका ग्रन्थहरूलाई मार्गदर्शनको रूपमा लिए । जसमा बंगालका रघुनन्दन भट्टाचार्य, चम्पारणका मदनसिंह र काशीका कमलाकर भट्टको नाउँ उल्लेखनीय छ । ब्रिटिश भारतमा पनि उनको उत्तराधिकार नियमलाई स्थान दिइएको थियो । उनको विवाद रत्नाकरभन्दा पहिले नेपालभित्र यस्तो कनुनको किताब लेखिएको कुनै इतिहास पाईंदैन । त्यसैले नेपालभित्र लेखिएको उनको विवाद रत्नाकर नै पहिलो कानुनको किताब रहेको देखिन्छ । सामन्तवादी युगको निरङ्कुश राजतन्त्रको बोलबाला रहेको समयमा जनताको गुनासाहरू सुन्न, विवादहरू समाधान गर्न र समाजमा कानुनीराज्यको न्यायिक व्यवस्था स्थापित गर्न उनले गरेको प्रयास अत्यन्तै सराहनीय रहेको छ । नेपालको भूगोलभित्र लेखिएको पहिलो कानुनको किताब विवाद रत्नाकरलाई उचित स्थान दिएर चण्डेश्वरलाई प्रथम कानुनविदको मान्यता प्रदान गर्नु हामी सम्पुर्ण नेपालीको कर्तव्य रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


काँणे, पि.भी. (सन् १९८०), *धर्मशास्त्रका इतिहास अनुवादक अर्जुन चौबे,* हिन्दी समिति, सूचना विभाग उत्तर प्रदेश लखनऊ ।

कीथ, ए.बी. (सन् १९७८), *संस्कृत साहित्यका इतिहास अनुवादक मंगलदेव शास्त्री,* मोतीलाल बनारसीदास ।

कोलब्रुक, हेनरी थोमस (सन् १८१०), *टु ट्रीटाइज अन द हिन्दु लॉ अफ इनहेरिटन्स,* हिन्दुस्तानी प्रेस ।

खनाल, मोहनप्रसाद (सन् १९९९), *सिमरौनगढको इतिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्रं ।

खनाल, विष्णुप्रसाद (सन् २०२४), *ऐतिहासिक कानुनी दस्तावेज : न्याय विकासिनी, इन्टरडिप्लिनरी इस्स्युज इन एजुकेशन भोल्युम २* (२) *८१-८८* doi.org/103126/iie.v2i2.71770

गैरोला, वाचस्पति र झा, तारिणीश (सन् १९७०), विद्ववर चण्डेश्वर विरचित : राजनीति रत्नाकर : चौखम्बा संस्कृत सीरीज अफिस ।

चौधरी राधाकृष्ण (सन् २०१०), *मिथिलाक इतिहास,* श्रुति प्रकाशन, दिल्ली ।

जायसवाल, काशिप्रसाद (सन् १९३६), *राजनीति रत्नाकर : चण्डेश्वरेण विरचितः,* बिहार एण्ड उडिसा रिसर्च सोसाइटी ।

झा, रोशनकुमार (सन् २०२६), फेसबुक पेज सन् २०२६ फरवरी १६ ।

ठाकुर, उपेन्द्र (सनु १९९२), *मिथिलाक इतिहास,* मैथिली अकादमी ।

ठाकुर, गजेन्द्र, झा, नागेन्द्र र पञ्जीकार, विद्यानन्द (सन् २००९), *जीनोम मैपिंग ( सन् ४५० देखि २००९ सम्म) मिथिलाक पञ्जीप्रबन्ध* : श्रुति प्रकाशन ।

नेपाल, ज्ञानमणि (सन् १९९७), *नेपालको पूर्वमध्यकालको इतिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र र मल्ल, कमलप्रकाश (सन् १९८५), *द गोपालराज वंशावली,* नेपाल रिसर्च सेन्टरं ।

मिश्र, तारानन्द (सन् १९७३), *गणेश्वर तथा सिमरौनगढका मन्त्री र पुरोहितहरू, प्राचीन नेपाल* : काठमाडौं ।

लम्साल, देवीप्रसाद (सन् १९६६), *भाषावंशावली,* श्री ५ को सरकार नेपाल राष्ट्रिय पुस्तकालय ।

विद्यालङ्कार, दीनानाथ (सन् १८८७), *विवादरत्नाकर : अ ट्रीटाइज अफ हिन्दु लॉ बाई चण्डेश्वर ठक्कुर,* बिबलियोथिका इण्डिका ।

श्रेष्ठ, पुरुषोत्तमलोचन (सन् २०२५), *मानवन्यायविकासिनी : नेपालको पहिलो संहिताबद्ध लिखित कानुन,* अनलाइन मजदूर डटकम ।

स्मृतितीर्थ, कमलकृष्ण (सन् १९३१), *विवादरत्नाकरः अ ट्रीटाइज अफ हिन्दु लॉ बाई चण्डेश्वर ठक्कुर,* एशियाटिक सोसाइटी अफ बंगाल ।